।।श्री।।

# धनकुटा जिल्ला अदालत

## (तहसिल शाखा)

श्रेस्तेदार :-०२६-५२०१२८
फ्याक्स :- ०२६-५२०१२८
Email: infodcdhankuta@dcourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या :-
चलानी नं. :-

मिति:- २०७५/०२/०७

विषयः- सूचना सूचना सूचना।

उपयुक्त सम्बन्धमा केन्द्रिय लगत कट्टा समितिको मिति २०७५/०१/३१ को निर्णय अनुसार मुलुकी ऐन. दण्ड सजायको महलको २४ नं. को अधिनमा रही अन्तिम फैसला बमोजिम कायम भएका कैद, जरिवाना वा सरकारी बोगो सूचना प्रकाशन भएका मिति देखी मिति २०७५ साल श्रावण मसान्त भित्र बुझाउन आएमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३५ (१) को खण्ड (क), (ख) र (ग) बमोजिम छुट दिई लगत कट्टा गरिने सूचना प्रकासित गरी सो अवधी भित्र बुझाउन आएमा छुट दिई लगट कट्टा गर्नु भनी सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय बबरमहल, काठमाडौंको पत्र प्राप्त हुन आएकोले तोकिएको समयमा अन्तिम फैसला बमोजिम कायम भएका कैद, जरिवाना वा सरकारी बिगो बुझाउन आएमा देहाय बमोजिम छुट दिई लगत कट्टा गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. सूचना प्रकाशन भएको मितिले ५०(पँचास) वर्ष भन्दा अधिको अन्तिम फैसला बमोजिमको लगतमा ७५% छुट,

२. सूचना प्रकाशन भएको मितिले ३० (तीस) वर्ष भन्दा अधि ५० (पँचास) वर्षसम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५०% छुट,

३. सूचना प्रकाशन भएको मितिले २०(बीस) वर्ष भन्दा अधि ३० (तीस) बर्षसम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५% छुट।